२०८१ साल असार २४ गते तदनुसार  July 8 2024 सोमबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. जग्गा रजिष्ट्रेसन पासको लागि सिफारिस सम्बन्धमा ।

२. मानभन्ज्याङ गाउँपालिकाको विद्यालय जोडकोष सम्बन्धी व्यवस्था सम्बन्धमा ।

३. कृषि स्नातक (कृषि अधिकृत) र एक गाउँ एक प्राविधिकको अपुग तलब भुक्तानी सम्बन्धमा ।

४. जन्तरखानी खानेपानी मुहान संरक्षण कोषको बजेट निकासा सम्बन्धमा ।

५. फिल्ड सहायकको सेवा करार थप नगर्ने सम्बन्धमा ।

६. एम्बुलेन्स चालक नियुक्ती सम्बन्धमा ।

CamScanner

## बैठकका निर्णयहरु:

निर्णय नं.१: श्री भीम आदर्श आधारभूत विद्यालय,खचापु, मानेभन्ज्याङ वडा नं. ३ उँवुको को माग निवेदन अनुसार सो विद्यालयलाई सोही वडा स्थायी ठेगाना भएको श्री धनविर राईको नाती श्री अवत सिङ राईको छोरा वर्ष ७५ को ना.प्र.नं. ५२०९/८०३ को श्री भक्त वहादुर राईको नाममा रहेको कित्ता नं.१३९७ १/१३२२ क्षेत्रफल ७-५-१-१ मध्येबाट विद्यालयलाई १-८-०-० क्षेत्रफलको जग्गा विद्यालयलाई रजिष्ट्रेसन पास गरिदिने प्रयोजनको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिने निर्णय पारित गरियो ।

निर्णय नं.-२: मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा ऐन, २०७६ को दफा २६ को उपदफा १ खण्ड (ङ) वमोजिमको विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गाउँपालिका र विद्यालयको साझेदारीमा स्थापना हुने जोडकोष कार्यान्वयनमा ल्याउने सम्बन्धमा गाउँ कार्यपालिकाको मिति २०८१/०३/२४ को बैठकको निर्णयानुसार देहाय बमोजिमको व्यवस्था गरिएको छ ।

(१) गाउँपालिकाभित्रका सामुदायिक विद्यालयको हकमा मात्र लागू हुने ।

(२) (क) विद्यालयले प्रत्येक नयाँ शैक्षिक सत्रमा भर्ना भई इएमआइएसमा प्रविष्ट गरेका विद्यार्थी सङ्ख्याका आधारमा प्रति विद्यार्थी वार्षिक रू. एक हजार दुई सयका दरले जम्मा हुने कूल रकम वैशाख र जेठ महिनाभर सङ्कलन गरी सो बराबरको रकम असार पहिलो हप्ताभित्रमा गाउँपालिकामा माग गर्ने (आ.व. २०८०/८१ को हकमा असार २४ गते दिउसो १ बजेभित्र माग गर्ने) ।

(ख) विद्यालयले आफ्नो विद्यार्थी सङ्ख्या बराबरको रकम जम्मा गर्न अभिभावकबाट स्वेच्छाले सहयोग लिन, विद्यालयमा अध्ययन/अध्यापन गरी विभिन्न पद, ओहदामा पुगेका वा विदेशमा रहेका पूर्व विद्यार्थी वा शिक्षकहरू, पूर्व विद्यार्थी समाज वा विभिन्न दाताहरूबाट रकम प्राप्त गर्न सक्नेछ ।

(ग) आ.व. २०८०/८१ को जोड कोषको रकम माग गरेका विद्यालयको हकमा चालु आ.व.को विनियोजित वजेटको रकमवाट सो बराबरको रकम भुक्तानी दिने साथै रकम माग गर्ने समय नपुगेका तर गत आ.व.मा जोड कोषको भुक्तानी लिएका एवम् चालु आ.व.मा कार्यान्वयनमा लैजाने प्रतिवद्धता जनाउने विद्यालयलाई विनियोजित वजेटवाट खर्च भई मौज्दात रहेको रकमलाई शतप्रतिशत मानी विद्यार्थी सङ्ख्यालाई आधारमा लिई प्रतिशतका आधारमा भुक्तानी दिने ।

(३) एक शैक्षिक सत्रको विद्यालयवाट सङ्कलित र गाउँपालिकावाट भुक्तानी हुने रकमको बढीमा १० प्रतिशत वरावरको रकम विद्यालयले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि तत्काल खर्च गर्ने सक्ने ।

(४) खण्ड (३) वमोजिम खर्च हुने वाहेकको ९० प्रतिशत रकम विद्यालयले क वर्गको वाणिज्य वैंकमा भदौ महिनाको १५ गतेभित्र अलग्गै वार्षिक मुद्दती खाता खोली जम्मा गर्नुपर्नेछ । साथै अर्को आ.व. अघिल्लो आ.व. को रकममा नयाँ शैक्षिक सत्रमा उठेको र गाउँपालिकावाट सो वरावर थप भएको रकमको ९०

प्रतिशतसहित पुनः खाता नवीकरण गर्नुपर्नेछ । सो सम्वन्धी जानकारी एक हप्ताभित्र गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रूपमा दिनुपर्नेछ ।

(५) आ.व. २०७९ ८० को विद्यालयबाट उठेको र गाउँपालिकावाट सो वरावरको थप भुक्तानी गरिएको वजेट रकमसमेत खण्ड (४) बमोजिमको मुद्दती खातामा अनिवार्य रूपमा जम्मा हुनुपर्नेछ । आ.व. २०७९ ८० मा गाउँपालिकाबाट जोड कोषका लागि भुक्तानी दिइएको वजेट आफूखुसी खर्च गरेका विद्यालयको हकमा सो रकम अनियमित भएको मानिनेछ ।

(६) मुद्दती खातामा जम्मा गरिएको रकमवाट प्राप्त व्याज रकम विद्यालयले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि खर्च गर्न सक्नेछ ।

(७) विद्यालय जोड कोष मुद्दती खाता सञ्चालन भएको पाँच वर्ष पूरा भएपछि जम्मा भएको कोष रकम सम्वन्धमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(८) विद्यालय जोडकोषको रकम सम्वन्धमा पारदर्शिता कायम राख्न सार्वजनिक सुनुवाई एवम् गाउँ कार्यपालिकाको कार्यालयमा नियमित प्रतिवेदन गर्ने दायित्व सम्वन्धित विद्यालयको हुनेछ ।

(९) यो व्यवस्था सम्वन्धमा आवश्यक परिमार्जन गर्न वा वाधा अड्काउ फुकाउन सक्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

**निर्णय नं.-३:** यस गाउँपालिकामा कार्यरत कृषि स्नातक (कृषि अधिकृत) र कृषि तथा पशु एक गाउँ एक प्राविधिकको तलव भुक्तानी गर्न रकम अपुग भएकोले करार सेवा शुल्क शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४:** यस गाउँपालिकाको चालु आ.व.मा विनियोजित जन्तरखानी खानेपानी मुहान संरक्षण शीर्षकको वजेटलाई मानेभन्ज्याङ गाउँपालिकाको खानेपानी मुहान संरक्षण कोषको स्थापना र सञ्चालन सम्वन्धी कार्यविधि, २०८१ अनुसार फोक्टेखोला मुहान-१ खानेपानी मुहान संरक्षण कोषमा निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. ५:** व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सम्वन्धी कार्यलाई व्यवस्थित गर्नको लागि प्रत्येक स्थानीय तहहरुलाई MIS Operater र फिल्ड सहायकको सेवा सुविधा आयोजना मार्फत उपलब्ध गराउँदै आएकोमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०८१।०२।३२ को चलानी नम्वर ४३५ अनुसार आ.व. २०८१/८२ वाट दुई जना एमआईएस अपरेटर भएकोमा १ जना मात्र र दुई जना फिल्ड सहायक भएकोमा १ जनाको मात्र सशर्त वजेट मन्त्रालयवाट साझेदारी गर्ने भन्ने परिपत्र प्राप्त भएकोले र पालिकाले तत्काल दुवै जना फिल्ड सहायक राख्न नसक्ने भएको हुँदा यस पालिकामा कार्यरत दुवै जना फिल्ड सहायकको २०८१ साल साउन १ गतेदेखी लागूहुने गरी सेवा करार थप नगर्ने निर्णय गरियो । साथै फिल्ड सहायकको १ जना दरवन्दीमा दरखास्त आह्वान गरी छनौट गरी पदपूर्ती गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ६: यस गाउँपालिकाको एम्बुलेन्स सञ्चालनमा आइसकेको हुँदा एम्बुलेन्स चालकको लागि दरखास्त आव्हान गरी योग्य अनुभवी चालक नियुक्ति गर्ने निर्णय गरियो ।